आज मिति २०७९ असोज २५ गते बझाङ जिल्लाका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समितिका संयोजक बाबुराम अर्याल ज्यूको अध्यक्षतामा बसेको जिल्ला जनशक्ति व्यवस्थापन समन्वय समितिको बैठकको उपस्थिति एवं निर्णय निम्नानुसार रहेको छ।

| | पद | नाम थर | कार्यालय | |
|---|---|---|---|---|
| | प्रमुख जिल्ला अधिकारी | श्री बाबुराम अर्याल | जिल्ला प्रशासन कार्यालय, बझाङ | संयोजक |
| | प्रमुख प्रशासकीय अधिकृत | श्री अम्मरराज जोशी | जयपृथ्वी नगरपालिका | सदस्य |
| | प्रहरी नायब उपरीक्षक | श्री जागेश्वर भण्डारी | जिल्ला प्रहरी कार्यालय बझाङ | सदस्य |
| | कोष नियन्त्रक | श्री शेर बहादुर विष्ट | कोष तथा लेखा नियन्त्रक कार्यालय, बझाङ | सदस्य |
| | जिल्ला निर्वाचन अधिकारी | श्री विमल प्रसाद गौतम | जिल्ला निर्वाचन कार्यालय बझाङ | सदस्य सचिव |
| | लेखापाल | श्री हृदेश त्योणने | जिल्ला निर्वाचन कार्यालय, बझाङ. | आमन्त्रित |
| | नायब सुब्बा | श्री मान बहादुर धामी | जिल्ला निर्वाचन कार्यालय, बझाङ | आमन्त्रित |

**छलफल तथा निर्णयहरुः**

१. समितिको मिति २०७९।०६।१४ को बैठकको निर्णयानुसार प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ को प्रयोजनका लागि मतदान केन्द्र खटाउन सकिने र खटाउन नसकिनेको कर्मचारीहरुको विवरण सबै सरकारी कार्यालय, बैंक, संस्थानसँग र खटाउन सकिने तथा नसकिने स्थायी शिक्षक तथा प्राध्यापकको विवरण सम्बन्धित स्थानीय तह तथा क्याम्पससँग जिल्ला निर्वाचन कार्यालयले मिति २०७९।०६।२४ को पत्रबाट माग गरेको जानकारी भयो। कार्यालयबाट माग गरिएको सम्पूर्ण विवरण निर्धारित ढाँचामा भरी पछिसम्म फरक नपर्ने गरी यथाशीघ्र पठाउन सबै कार्यालय, संस्थान, बैंक तथा स्थानीय तहहरुलाई निर्देशन दिने निर्णय गरियो।

२. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ (जनशक्ति व्यवस्थापन) निर्देशिकाको दफा २२ मा निजामति कर्मचारी, शिक्षक तथा अन्य सरकारी संघ संस्थासँग सम्बद्ध राष्ट्रियस्तरको ट्रेड युनियनका संघ प्रदेश र जिल्ला कार्यसमितिका पदाधिकारीलाई निर्वाचनको काममा नखटाइने व्यवस्था गरेकोले जिल्ला निर्वाचन कार्यालयले कर्मचारी, शिक्षक तथा प्राध्यापकका विभिन्न ट्रेड युनियनका पदाधिकारी तथा सदस्य, तिनका आधिकारिक ट्रेड युनियनका पदाधिकारी तथा सदस्यहरुको विवरण समेत माग गरी समितिको आगामी बैठकमा पेश गर्ने निर्णय गरियो।

३. निर्वाचन सम्बन्धी काममा कुनै पनि बेला परिचालन, प्रयोग गर्नुपर्ने भएकोले जिल्ला स्थित सम्पूर्ण कार्यालयका प्रमुखहरु अत्यावश्यक काम नपरी बिदामा नबस्न, आफू मातहतका कर्मचारीहरुको अत्यावश्यक काम नपरी बिदा स्वीकृत नगर्न, प्रमुख जिल्ला अधिकारीको अनुमति नलिई कार्यालय प्रमुखहरुले जिल्ला नछोड्न निर्देशन दिने निर्णय गरियो।

०७९।०६।२५